नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सिराहा भन्सार कार्यालय

फोन नं. : ९८५२८४५०२२
Email : siraha@customs.gov.np

लिलामी सूचना नं.- ९०

मितिः २०८३।०८।०९

भन्सार नियमावली २०८३ को नियम ८५(२), ८५(५)र ८६(८) अनुसार जफत भएका वस्तुहरुको लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा दाखिला हुन आएको तपसिल बमोजिमको वस्तुहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद सकार गर्न तपसिलमा उल्लेखित मिति, स्थान र समयमा खुला बोलकबोल द्वारा डांक बढाबढ गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डांक लिलाम बढाबढमा भाग लिन ईच्छुक सबैको जानकारीकोलागी भन्सार नियमाबलीको ८५(२) बमोजिम लिलामको यो सूचना प्रकाशित गरिएको छ । आफूले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकम अनिवार्य धरौटी राखी न्यूनतम मूल्यमा नघटने गरी लिलाम साकार गर्नुपर्ने छ। यो सूचना यस कार्यालयको सूचना पाटी, भन्सार विभाग वा यस कार्यालयको वेभसाइट, जिल्ला प्रशासन कार्यालय सिराहा, भूमि प्रशासन कार्यालय सिराहा, को.ले.नि.का. सिराहा, सिराहा नगरपालिका सिराहा र उधोग बाणिज्य संघको कार्यालय सिराहामा समेत हेर्न सकिनेछ । लिलाम स्विकृत भएमा सोको जानकारी वा सूचना पाएको मिति देखि ७ दिन भित्रमा आफूले कबोल गरेको रकममा थप अन्य कर,महशुल,शुल्क ,दस्तुर लाग्ने भएमा सो समेत भुक्तानी गरी सामान बुझिलिई जानुपर्नेछ,अन्यथा धरौटी वापत जम्मा गरेको रकम जफत गरिनेछ । मालवस्तु कार्यालयको गोदामबाट उठाई लैजाने, लोड अनलोड लगाएतका खर्च साकार गर्ने स्वयंले नै व्यहोर्नु पर्नेछ । लिलाम स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । लिलाम हुने वस्तुहरुको भौतिक अवस्था, गुणस्तर, प्रकृति तथा अन्य थप विषय बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । लिलाम साकार गरिसकेपछी वस्तुको भौतिक अवस्था, गुणस्तर, प्रकृति तथा अन्य सम्बन्धमा कहि कतै उजुर वाजुर गर्न पाइने छैन । लिलाम सम्बन्धी अन्य बिषयमा प्रचलित नेपाल सरकारको कानून अनुसार हुनेछ ।

लिलाम हुने मिति : २०८३ साल मंसिर महिना २३ गते बुधवार ।
लिलाम हुने समय : १३:०० बजे देखि १५:०० बजे सम्म ।
लिलाम हुने स्थान : सिराहा भन्सार कार्यालय, माडर ।

तपसिल

सिन	मिति	मुद्दा नं.	मालवस्तुको विवरण	न्यूनतम कायम मुल्य रु.	कैफियत
६४३	२०८३।०२।०७	६४३	लेडिज कुर्था- ४० पिस, गम्छा- ११८ पिस, काचो कपडा- ७२ मि. पाइन्टो कपडा २७.७ मि.	४५३४२	
६६८	२०८३।०२।१८	६६८	कुर्था सुरुवाल- ४० पिस, टप्स-२० पिस, लेगिज- १ पिस, भेष्ट ठूलो/सानो- ३९ पिस, जामा- ६पिस, धोती- १० पिस	२८८२०	
६९८	२०८३।०२।२६	६९८	अन्यरेशा साडी- २२ पिस, पर्दा- २० पिस, थान कपडा- २१६ मिटर।	२८२०४	
७३६	२०८३।०३।१०	७३६	भेष्ट- ६८ पिस, जेन्स सर्ट- ३८ पिस, वन पिस- १३ पिस, बच्चाको सेट- १२ पिस र सिंगल ट्रयाक- ७ पिस।	३५८६०	
७९३	२०८३।०३।२९	७९३	सुती साडी ४६ पिस,थान कपडा ९४ मिटर,कपडा अस्तर ३० पिस,कुर्ता सुरूवाल १२ पिस,गमछा १६ पिस	३९३२५	
				१७७५५१	

ईति सम्वत २०८३ साल ०८ महिना ०९ गते रोज ०४ शुभम ।